## मिति २०८०/१०/२८ गते आइतबार, १५३ औं कार्यपालिका बैठक

**प्रस्तावहरुः**

१. अघिल्लो बैठकका निर्णय समीक्षा सम्बन्धमा ।

२. प्रदेश लोक सेवा आयोगमा माग आकृति फाराम भरी पठाउने सम्बन्धमा।

३. तराई मधेश समृद्धि कार्यक्रम अन्तर्गत संचालन गरिने योजना तथा कार्यक्रम छनौट सम्बन्धमा।

४. गरिबसँग विश्वश्वर कार्यक्रम अन्तर्गत संचालन हुने कार्यक्रम स्वीकृत सम्बन्धमा।

५. रुख काटनका लागि अनुमती माग गर्ने सम्बन्धमा।

६. करार तथा ज्यालादारी कर्मचारीको म्याद थप सम्बन्धमा।

७. रकम निकासा दिने सम्बन्धमा।

८. मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रमका लागि प्रस्ताव पेश गर्ने सम्बन्धमा।

९. सरसफाई वातावरण तथा विपद व्यवस्थापन समितिको निर्णय अनुमोदन सम्बन्धमा।

१०. १६औं राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा खेलाडी सहभागिता गराउन लाग्ने खर्च व्यवस्थापन सम्बन्धमा।

११. जग्गा सट्टापट्टा सम्बन्धमा।

१२. वडा नं. १७ पनौरा थारु कल्याणकारी सभाघरदेखि दक्षिण गैरागाउँसम्मको धारापानी सडक मर्मत सम्बन्धमा।

१३. स्वयंसेवक शिक्षकको करानामा सम्बन्धमा।

१४. सरकारी बाँकी सरह असुल उपर गरी ठेक्का रद्द गर्ने सम्बन्धमा । (घोराही १७ लख्वारे कुलोदेखि धर्नासम्म सडक विस्तार तथा पिच (थारु कल्याणकारी भवनदेखि गैरागाउँ चोकसम्म) निर्माण -सोहन/आबा(जे.भि.)

१५. वडा नं. १० नारायणपुर न्युरोड टोलमा विद्युत पोल सार्ने तथा मर्मत कार्यको भुक्तानी सम्बन्धमा।

१६. ठेक्काको म्याद थप सम्बन्धमा। (खैरा कोठरी सडक पिच र नारायणपुर स्वास्थ्य चौकी-रोयल विल्डर्स, नगर प्रशासनिक भवन (गौरी/पार्वती/बस्नेत/ भुसाल/जेवी)

१७. वडा नं. १५ प्रकृतिनगर टोल विकास संस्थाको सडक राप्ती कपास उद्योगदेखि युरो किड्स स्कुलहुँदै नारायण बस्नेतको घरसम्मको सडक पिच गर्ने सम्बन्धमा।

१८. आर्थिक सहायता उपलब्ध गराउने सम्बन्धमा।

१९. विविध

## विविध

१. वडा नं. १३ बस्ने मदन बहादुर पुनको परिवारलाई किरिया खर्च उपलब्ध गराउने सम्बन्धमा।
२. वडा नं. ११ भिम बहादुर खत्रीलाई औषधी उपचार खर्च उपलब्ध गराउने सम्बन्धमा।
३. खुम बहादुर खड्का स्मृति तेस्रो पुरुष भलिबल प्रतियोगिताका लागि सहयोग।
४. मुक्त कमलरीलाई अध्ययनमा सहयोग गर्ने सम्बन्धमा।
५. वडा नं. ५ सुनिता वलीलाई क्रितिम खुट्टा हाल्नका लागि सम्बन्धीत निकायमा आर्थिक सहयोगको साझेदारी गर्ने सम्बन्धमा।
६. दोस्रो प्याब्सन घोराही रनिङ सिल्ड २०८० संचालनका लागि सहयोग।
७. सामना फिल्मस तथा काँडेतार परिवारलाई चलचित्र प्रदर्शनमा सहयोग।
८. प्रेस चौतारी नेपाल दाङ शाखालाई २६औं स्थापना दिवसका लागि सहयोग।
९. गन्धर्व साँस्कृतिक संरक्षण केन्द्रलाई सारङ्गी दिवस मनाउनका लागि सहयोग।
१०.निजामती कर्मचारी संगठन जिल्ला कार्यसमिति दाङलाई सहयोग।
११.प्रगतिशील लेखक स्घ नेपाल दाङ शाखालाई मुखपत्र बहिङ्गा प्रकाशनका लागि सहयोग।
१२.नेपाल मगर संघ घोराही नगर समितिलाई सहयोग।
१३.दाङ क्रिकेट लिग-२ राष्ट्रिय क्रिकेट प्रतियोगिता संचालनका लागि सहयोग।
१४.बाह्रौ अन्तराष्ट्रिय लोक साँस्कृतिक महोत्सव २०८० का लागि सहयोग।
१५.नेपाल स्वास्थ्यकर्मी संघ जिल्ला कार्यसमिति दाङ आठौ जिल्ला अधिवेशनका लागि सहयोग।
१६.लागत सहभागिता रकम फिर्ता सम्बन्धमा।
१७.पोल स्थानान्तरणका लागि नेपाल विद्युत प्राधिकरणलाई रकम उपलब्ध गराउने।
१८.प्रदेश विशेष योजना छनौट गरी पठाउने सम्बन्धमा।

**निर्णय नं. १**

घोराही उपमहानगरपालिका नगरकार्यपालिकाको अघिल्लो बैठकले गरेका निर्णय कार्यान्वयनको अवस्थाबारे समीक्षा गरियो।

**निर्णय नं. २**

घोराही उपमहानगरपालिकाको स्वीकृत दरबन्दी अनुसार रिक्त रहेका १२ वटा सहायक पाँचौ, लेखा पदको पदपूर्तिका लागि प्रदेश लोक सेवा आयोग, बुटवलमा माग आकृति फाराम भरी पठाउने।

**निर्णय नं. ३**

तराई मधेश समृद्धि कार्यक्रम, केन्द्रीय समन्वय इकाईको मिति २०८०।०९।१७ गते प्रकाशीत आयोजना/कार्यक्रम माग/ प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना अनुसार आगामी आ.व. २०८१/०८२ का लागि यस उपमहानगरपालिकामा तपसिल बमोजिमका आयोजना संचालन गर्न तराई-मधेश समृद्धि कार्यक्रम सञ्चालन निर्देशिका, २०८० अनुसार तपसिल बमोजिमका आयोजना/कार्यक्रम प्राथमिकता क्रम निर्धारण गरी माग गर्ने ।

**तपसिलः**

**सामुदायिक पूर्वाधार तर्फ**

१. वडा नं. २ चाक्लीघाटमा सामुदायिक पशु गोठ तथा टहरा सुधार -२५ लाख
२. वडा नं. ३ झिङ्नी मा.वि.को खेल मैदान स्तरउन्नती -३० लाख
३. वडा नं. १० अर्घु शान्ति पार्कमा पिकनिक स्पोर्ट निर्माण -२५ लाख

**निर्णय नं. ४**

गरिवसँग विश्वेश्वर कार्यक्रम अन्तर्गत आ.व. २०८०/८१का लागि प्राप्त सशर्त पुँजीगत अनुदान रकम रु. ३ लाख विनियोजन भएकोमा उक्त कार्यक्रम संचालन भएका वडाहरुमा गठित समूहहरुले विभिन्न मितिमा बैठक बसी गरेको निर्णय अनुसार तपसिल अनुसार कार्यक्रम संचालनका लागि स्वीकृती दिने।

**तपसिलः**

१. वडा नं. ५ मा वेमौसमी तरकारी खेती तालिम तथा विउविजन वितरण कार्यक्रम।
२. वडा नं. १८ मसिना टोलमा भरत थापाको घरदखि माथिको कुलोमा कल्भर्ट निर्माण।

**निर्णय नं. ५**

घोराही उपमहानगरपालिकाको वडा नं. १४ अन्तर्गत ढोडेनी टोल विकास संस्थामा रहेको पुरानो थारु गल्ली साँगुरो भएको र नाला सहित बाटो फराकिलो बनाउदा बाटोमा रहेको पुरानो सिमलको रुक काटनुपर्ने भएको, उक्त रुख जिर्ण अवस्थामा रहेको जसले गर्दा हावाहुरीमा मानवीय जोखिम समेत हुन सक्ने अवस्था रहेकोले उक्त रुख काटनका लागि आवश्यक प्रक्रिया अगाडी बढाइदिनुहुन भनि १४ नं. वडा कार्यालयको च.नं. १८८१, मिति २०८०।१०।१० गतेको पत्रबाट अनुरोध भई आएकोले उक्त रुख काटनका लागि सम्बन्धीत निकायमा अनुरोध गर्ने।

**निर्णय नं. ६**

**६.१** घोराही उपमहानगरपालिकाको स्वीकृत दरबन्दीको परिधिभित्र रहेका इन्जिनियरिङ सेवातर्फका प्राविधिक कर्मचारी, नगर प्रहरी, श्रेणी विहीन कर्मचारी (का.स., सवारी चालक) र सरसफाई व्यवस्थापन शाखा अन्तर्गत करार सेवामा कार्यरत सबै श्रेणी विहिन कर्मचारीहरु (सवारी चालक, स्वीपर, चौकीदार, माली), स्वास्थ्य सेवाका कर्मचारीहरुको  मिति २०८० माघ १ गतेदेखि लागू हुने गरी ६(छ) महिनाका लागि करार अवधि थप गर्ने।

**६.२** विगतदेखि यस घोराही उपमहानगरपालिका तथा अन्तर्गतका वडा कार्यालय तथा साविकका गा.वि.स.हरुमा सामाजिक परिचालकको रुपमा नियुक्त भई हालसम्म निरन्तर सेवामा रहनुभएका अप्राविधिक तर्फका कर्मचारीहरुको हकमा दैनिक ज्यालादारीमा कामकाज लगाउने गरी निरन्तरता दिने।

**६.३** घोराही उपमहानगरपालिकाका वर्थिङ सेन्टर संचालन भएका स्वास्थ्य संस्थामा विगतदेखि नै निरन्तर रुपमा कार्यरत अ.न.मी. तथा अन्य स्वास्थ्य संस्थाहरु कार्यरत ल्याब असिस्टेन्ट पदमा कार्यरत कर्मचारीहरुलाई दैनिक ज्यालादारीमा कामकाजमा खटाउने कार्यलाई निरन्तरता दिने।

**६.४** घोराही उपमहानगरपालिकाको चाक्लीघाट गौशालामा कार्यरत गाई हेरालु ३ जना र वडा नं. १६ स्थित ल्याण्डफिल्ड साइटमा चौकीदार पदमा कार्यरत १ जना गरी जम्मा ४ जना कर्मचारीहरुलाई दैनिक ज्यालादारीमा कामकाजमा लगाउने कार्यलाई निरन्तरता दिने।

**६.५** यसरी स्वीकृत दरबन्दीमा करार तथा दैनिक ज्यालादारीमा कार्यरत प्राविधिक तथा अप्राविधिक कर्मचारीहरुको कामकाजलाई  लोकसेवा आयोगबाट स्थायी पदपूर्ति भएमा स्वतः करार तथा ज्यालादारीबाट हटनेगरी करार अवधी थप गर्ने।

**६.६** श्रेणी विहिन सवारी चालक तर्फका सबै कर्मचारीहरु(ड्राइभर) सार्वजनिक विदाका दिनमा समेत काममा खटिने भएकोले सार्वजनिक विदामा काम गरेवापत सो दिनको १ दिनको तलब बराबर रकम भत्ता स्वरुप उपलब्ध गराउने।

**निर्णय नं. ७**

घोराही उपमहानगरपालिका नगरसभाको १४औं अधिवेशनको दोस्रो बैठकको निर्णयबाट भूमिसुधार तथा मालपोत कार्यालयको पुँजीगत सुधारका लागि विनियोजित रकम रु.७,००,०००।—(सात लाख) कोष तथा लेखा नियन्त्रक कार्यालय दाङको नाममा रहेको क२.६ विविध खाता नं. ०२७०१०००००२००६००००१ मा रकम निकासा दिने।

**निर्णय नं. ८**

मुख्यमन्त्री नव प्रवर्तन साझेदारी कार्यक्रमको लागि मिति २०८०।१०।१५ मा प्रकाशीत सूचना बमोजिम यस घोराही उपमहानगरपालिकामा आ.व. २०८०/८१ र २०८१/८२ मा १६ महिनासम्म संचालन हुने कार्यक्रमका लागि १ करोड २५ लाखसम्मको कार्यक्रम संचालन गर्नका लागि ३५ प्रतिशत रकम व्यहोर्ने र आगामी आर्थिक वर्ष (१६ महिना) भित्र सम्पन्न हुने गरी प्रस्तावना पत्र तथा परियोजना मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा पेश गर्ने र कार्यक्रम कार्यान्वयन सहजीकरणका लागि उद्यम विकास समिति र उद्यम प्रवर्द्धन शाखाबाट कार्यान्वयन सहजीकरण संरचना तयार गरी निजी क्षेत्रको समेत समन्वयमा परियोजनाको समाप्ति पछि परियोजनाको निरन्तरता र दिगोपनाका लागि समेत बजेट विनियोजन गर्ने प्रतिवद्धता सहित देहायका कार्यक्रमहरुलाई समावेश गरी लागत साझेदारीताको प्रतिबद्धता पेश गर्ने।

**देहायः**

१. उद्यमशीलता  प्रवर्द्धन, युवा रोजगार र स्वरोगार,
२. कृषि प्रविधि कृषि प्रशोधन र दिगी कृषि,
३. पशुपालन उद्योग दिगो पशु उत्पादन

**निर्णय नं. ९**

घोराही उपमहानगरपालिका सरसफाई व्यवस्थापन शाखाको नगरस्तरीय वार्षिक कार्यक्रम अन्तर्गत सार्वजनिक फोहर नियन्त्रण गर्न स्वयंसेवक परिचालन गर्ने कार्यक्रम संचालनका लागि तपसिल बमोजिमका व्यक्तिलाई सरसफाई स्वयंसेवक पदमा सिफारिस गर्ने सरसफाई, वातावरण तथा विपद व्यवस्थापन समितिको मिति २०८०।०९।२४ गते बसेको बैठकको निर्णय निर्णय अनुमोदन गर्ने।

तपसिल

| सि.नं. | स्वयंसेवकको नाम थर | पद | ठेगाना | कैफियत |
|---|---|---|---|---|
| १ | श्री समिर कार्की | स्वयंसेवक | घोराही उप-महानगरपालिका वडा नं.-७ | |
| २ | श्री भिम बहादुर चन्द | स्वयंसेवक | घोराही उप-महानगरपालिका वडा नं.-१४ | |
| ३ | श्री जयपुरा घर्ती | स्वयंसेवक | घोराही उप-महानगरपालिका वडा नं.-१८ | |
| ४ | श्री जानकी घर्ती | स्वयंसेवक | घोराही उप-महानगरपालिका वडा नं.-१५ | |
| ५ | श्री बसन्ती चौधरी | स्वयंसेवक | घोराही उप-महानगरपालिका वडा नं.-२ | |

**निर्णय नं. १०**

मिति २०८० माघ २७ देखि २९ गतेसम्म बेलझुण्डी दाङमा भइरहेको १६औं राष्ट्रपती रनिङ शिल्ड प्रतियोगितामा एथलेटिक्स, भलिवल, कराते, तेव्वान्दो र बकड्डी खेलमा खेलाडीहरुलाई यस उपमहानगरपालिकाबाट सहभागीता गराउन लागि लाग्ने खर्च व्यवस्थापनका लागि घोराही उपमहानगरपालिकाको खेलकुद विकास समिति दाङको च.नं. १२४, मिति २०८०।१०।२२ गते पत्रबाट प्राप्त अनुमानित खर्च अनुसार अधिकतम रु.५,००,०००।— (पाँच लाख)सम्म खर्च भएको बिल भर्पाई अनुसार घोराही उपमहानगरपालिकाको गैर वित्तीय व्यवसायहरूलाई चालु सहायता शीर्षकबाट भुक्तानी दिन आर्थिक प्रशासन शाखालाई निर्देशन दिने।

**निर्णय नं. ११**

घोराही उपमहानगरपालिका वडा नं. १३(साविक सेवार वनगाउँ गाविस वडा नं. १) १ख मा रहेको बराहक्षेत्र मा.वि. सेवार वनगाउँको नाममा दर्ता भई श्रेस्ता कायम कि.नं. १३ क्षेत्रफल ०-१८-२ को जग्गा तपसिलका जग्गाधनीहरुले विगतदेखि नै उपभोग गर्दै आइरहेको र तपसिलका जग्गाधनीहरुको नाममा साविक सेवार वनगाउँ गाविस वडा नं. १क दर्ता श्रेष्ता भएको साविक १९,२३ र २१ (हालका कित्ता नं. १९,२१,४७१,४७५,४७६) जम्मा क्षेत्रफल ०-१८-५को जग्गा विद्यालयले विगतदेखि भोगचलन गर्दै आइरहेको र व्यक्तिको नाममा दर्ता स्रेस्ता भएको जग्गामा नै विद्यालयका भौतिक संरचना निर्माण भइसकेको हुँदा हाल विद्यालय आफ्नै नाममा नाप नक्सा भएको जग्गामा स्थानान्तर गर्दा अत्यधिक आर्थिक भार पर्ने र स्थानान्तरण गर्दा विद्यालयको केन्द्र समेत पायक नपर्ने भएका कारण भोगचलन अनुसार जग्गा सट्टापट्टा गर्न दुवै पक्ष सहमत भएको हुँदा शिक्षा नियमावली (नवौं संशोधन २०७४)२०५९ को नियम १६१ को उपनियम २ मा भएको जग्गा सट्टापट्टा गर्न सकिने व्यवस्था अनुसार सट्टापट्टा गर्न दुवै पक्ष सहमत भएको हुँदा उपर्युक्त दुवै पक्षको जग्गाको सरकारी दररेटको मूल्य, चलन चल्तीको मूल्य र बैंक धितो प्रयोजनार्थ कायम गरिने मूल्यलाई समेत आधार मानि औसत मूल्य कायम गरी पेश गर्न सम्बन्धीत विद्यालय र सामाजिक विकास महाशाखालाई निर्देशन दिने

**तपसिलः**

| क्र.सं. | जग्गाधनीको नाम थर | वडा | नक्सा नं. साविक वडा | कित्ता नं. | क्षेत्रफल कठ्ठा/ वर्ग मिटर | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | बराहक्षेत्र मा.वि | १३ | सेवार वनगाउँ १/१ख | १३ | ०-१८-२ | व्यक्तिहरुको भोगचलनमा रहेको |
| २ | जुमलाल चौधरी | १३ | १/१क | १९ | ०-५-६ | उल्लेखित कित्ता जग्गाहरु विद्यालयको भोगचलनमा रहेको |
| ३ | कन्यैयालाल चौधरी | १३ | १/१क | २१ | ०-२-१४ | |
| ४ | नेपालु चौधरी | १३ | १/१क | (२३) ४७१ | १३५४.५२ | |
| ५ | असारे चौधरी | १३ | १/१क | (२३) ४७५ | १५५७.६९ | |
| ६ | कन्हैयालाल चौधरी | १३ | १/१क | (२३) ४७६ | ५५८.७६ | |

**निर्णय नं. १२**

घोराही उपमहानगरपालिका वडा नं. १७ पनौरा थारु कल्याणकारी सभा घरदेखि दक्षिण गैरागाउँसम्मको धारापानी मन्दिर जाने सडक खाल्डाखुल्डी परेकोले नजिकिदै आएको धारापानी शिवरात्री मेलालाई मध्यनजर गर्दै मेला आउने भक्तजनको आवतजावतमा सहजता ल्याउन उक्त सडक मर्मतका लागि लागत इस्टिमेट तयार गरी घोराही उपमहानगरपालिकाको पूर्वाधार विकास शाखा अन्तर्गत रहेको **मर्मत संभार कोष** शीर्षकबाट खर्च हुने गरी उक्त सडक खण्ड तत्काल मर्मत गर्न पूर्वाधार विकास तथा भूमि व्यवस्थापन महाशाखालाई निर्देशन दिने।

**निर्णय नं. १३**

स्वयंसेवक शिक्षक छनौट समितिको मिति २०८०।१०।२०को सिफारिस बमोजिम छनौट भएका तपसिल बमोजिमका स्वयंसेवक शिक्षकहरुलाई स्वयंसेवक शिक्षक नियुक्ति सम्बन्धी कार्यविधि २०८०को दफा ७ को उपदफा ११ बमोजिम विद्याल छनौट गर्ने गराउने काम सम्पन्न गरी स्वयंसेवक शिक्षकको नियुक्ति तथा पदस्थापन गर्न कार्यविधिको दफा ८ को उपदफा (१) बमोजिम करारनामाको लागि कार्यविधिको दफा ७ को उपदफा (११) बमोजिमको तयार भएको विद्यालय तथा शिक्षकहरुको सूची करार सम्झौता गर्ने निर्णय अनुमोदन गर्ने।

**तपसिलः**

**पदस्थापन हुने शिक्षकहरुको नामावली**

| क्र.सं. | शिक्षकको नाम थर | ठेगाना | तह | विषय | पदस्थापन हुने विद्यालय |
|---|---|---|---|---|---|
| १ | देवा कुमारी अधिकारी | घोराही १० | माध्यमिक | नेपाली | अन्तराष्ट्रिय यूवा बर्ष मा वि तोष |
| २ | हेमराज डाँगी | घोराही ९ | माध्यमिक | विज्ञान | जनजागृति मा वि लमडरुवा |
| ३ | प्रिया भण्डारी | घोराही १४ | माध्यमिक | विज्ञान | बाल विकास मा वि |
| ४ | कैलाश घिमिरे | घोराही १७ | माध्यमिक | सामाजिक अध्ययन | अम्विका माध्यमिक विद्यालय हर्नोक |
| ५ | सरिता बुढाथोकी | घोराही १५ | आधारभूत तह | विज्ञान तथा प्रविधि | नेपाल राष्ट्रिय आ वि दुन्द्रा |
| ६ | मदन के सी | तुल्सीपुर १७ | आधारभूत तह | विज्ञान तथा प्रविधि | जयशेर मा.वि रावतगाउँ |
| ७ | प्रतिक्षा भुषाल | घोराही १५ | आधारभूत तह | विज्ञान तथा प्रविधि | अम्बिकेश्वरी आ वि बेलघारी |
| ८ | पूर्ण बहादुर डाँगी | गंगादेव २ रोल्पा | आधारभूत तह | विज्ञान तथा प्रविधि | मा वि. जजरागाउँ |
| ९ | रमेश चौधरी | घोराही ९ | आधारभूत तह | अंग्रेजी | मा. वि. ढिकपुर |
| १० | कल्पना चौधरी | घोराही ८ | आधारभूत तह | अंग्रेजी | बालविकास मावि घोराही |
| ११ | प्रेमा कुमारी चौधरी | घोराही १६ | आधारभूत तह | अंग्रेजी | सिर्जनशील आ वि बाहुनडाँडा |
| १२ | पूजा बुढाथोकी | घोराही १० | आधारभूत तह | अंग्रेजी | नवोदय आ. वि दक्षिण अमराई |
| १३ | सुशिला वली | घोराही ९ | आधारभूत तह | अंग्रेजी | मदरसा दारुल हुदा अलसलफिया आ वि घोराही |
| १४ | अरुणा चौधरी | घोराही ३ | आधारभूत तह | नेपाली | महेन्द्र आधारभूत विद्यालय दलजीतपुर |
| १५ | बेलपति चौधरी | घोराही १० | आधारभूत तह | नेपाली | भूमी आ वि बाम्ला |
| १६ | गोमा बस्नेत | तुल्सिपुर १७ दाङ | आधारभूत तह | नेपाली | मदरसा दारुल हुदा अलसलफिया आ वि घोराही |
| १७ | प्रतिभा शर्मा | घोराही १५ | आधारभूत तह | सामाजिक तथा मानव मुल्य शिक्षा | गोरक्ष रत्ननाथ मावि चौघेरा |
| १८ | कल्पना चौधरी | घोराही ६ | आधारभूत तह | सामाजिक तथा मानव मुल्य शिक्षा | आधारभूत विद्यालय चाक्लिघाट |
| १९ | धनमाया बोहरा | मुसिकोट ११ रुकुम | आधारभूत तह | खेलकुद | बाराहक्षेत्र मावि सेवार बनगाउँ |
| २० | कष्णा सुनार | घोराही ३ | आधारभूत तह | खेलकुद | बालविकास मावि घोराही |
| २१ | नमराज पौडेल | प्यूठान ४ प्यूठान | आधारभूत तह | संस्कृत | मातापवित्रा आधारभूत विद्यालय |

**निर्णय नं. १४**

घोराही उपमहानगरपालिकाबाट संचालित ठेक्का नं. NCB/WORKS/GSMC/05/078/079 घोराही १७ लख्वारे कुलोदेखि  धर्नासम्म सडक विस्तार तथा पिच (थारु कल्याणकारी भवनदेखि गैरागाउँ चोकसम्म) निर्माण कार्यको लागि यस कार्यालय र सोहन/आबा(जे.भि.) विच मिति २०७८।१०।०७ मा खरिद सम्झौता समेत भैसकेकोमा निर्माण व्यवसायीबाट उक्त कार्य सम्पन्न गर्न नसकेकोले पटक पटक मौखिक तथा लिखित पत्राचार  गरिएकोमा उक्त कार्य संचालन गर्न निर्माण व्यवसायीबाट कुनै प्रतिक्रिया नजनाएकोले यस  कार्यालयबाट मिति २०८०।१०।०८ मा राष्ट्रिय दैनिक पत्रिकामा निर्माण व्यवसायीसँग भएको ठेक्का सम्झौता बमोजिम ठेक्का किन नतोडने? ठेक्का तोडनु नपर्ने कुनै मनासिब कारण भएमा ७ दिनभित्र विश्वासनीय स्पष्टीकरण सहित  कार्यालयमा उपस्थित हुन भनि सूचना प्रकाशित गरिएकोमा निर्माण  व्यवसायीले कुनै थप कार्य नगरेको, सम्पर्क विहिन भएको, साइटमा निर्माण कार्य नभएको, हाल निर्माण स्थलमा निर्माण व्यवसायीको कुनैपनि मेशिन उपकरणहरु निर्माण स्थलमा नदेखिएको र निर्माण कार्य अलपत्र परेको भनि सम्बन्धीत साईट इन्जिनियरको प्रतिवेदन पेश भएको तथा उक्त निर्माण व्यवसायीको कृषि विकास बैंक लिमिटेड घोराही शाखाबाट पेश भएको Guarantee No. PB/194/0454/5168/22 अनुसार रकम  रु.१७,२०,०००।—(सत्र लाख विस हजार) मात्रको धरौटी जमानत समेत जफत गरिएको र बाँकी रहेको कार्य पुरा गर्नुपर्ने कानूनी व्यवस्था अनुसार सार्वजनिक खरिद ऐन २०६३ को दफा ५९ को दफा २ (क), ७,८ बमोजिम तथा सार्वजनिक खरिद नियमावली २०६४ (बाह्रौं संशोधन)को नियम १२८ सहित र ठेक्का संझौतामा भएको प्रावधान GCC 75 बमोजिम Post Contract Termination  Evaluation वापतको रकम १,००,७३,२५३.११(एक करोड त्रिहत्तर हजार दुई सय त्रिपन्न र पैसा एघार पैसा) र पूर्वनिर्धारित क्षतिपूर्ति वापतको रकम ७,८७,४७८.८(सात लाख सतासी हजार चार सय अठहत्तर र पैसा आठ) गरी जम्मा रकम १,०८,६०,७३१.९१ (एक करोड आठ लाख साठी हजार सात सय एकतिस र पैसा एकाननब्वे) मात्र सरकारी बाँकी  सरह असुलउपर गरी ठेक्का रद्द गर्ने साथै निर्माण व्यवसायीलाई कालोसुचीमा राख्न सार्वजनिक खरिद अनुगमन कार्यालय काठमाण्डौमा सिफारिस गर्ने।

**निर्णय नं. १५**

घोराही उपमहानगरपालिकाको वडा नं. १० नारायणपुर न्युरोड टोलमा विद्युत पोल सार्ने तथा मर्मत कार्यका लागि मिति २०७८।०६।२२ गते बसेको नगरकार्यपालिका बैठकबाट उक्त योजना कार्यान्वयनका लागि घोराही उपमहानगरपालिकाको विपद व्यवस्थापन शाखा अन्तर्गत रहेको स्थानीय विपद् व्यवस्थापन कोषबाट खर्च हुने गरी मर्मत गर्ने भनि निर्णय भएकोमा उपभोक्ता समितिले आयोजना कार्यान्वयनका लागि पूर्वाधार विकास महाशाखाबाट तयार भई स्वीकृत ल.ई. रकम रु.१,१२,१०६।५०मा उक्त आयोजना कार्य सम्पन्न गर्नका लागि मिति २०७८।०९।२९ मा दुईपक्ष विच  भएको सम्झौता भएको र उल्लेखित  काम विविध कारणले (जस्तै कोरोना महामारी, विद्युत सम्बन्धी ज्ञान सिप नभएको, उ.स.सँग आर्थिक अभाव)ले सम्झौता मितिमा काम सम्पन्न नभएको र हाल काम सम्पन्न गरी भुक्तानीका लागि पेश भएकोले आयोजना स्थलगत निरीक्षणबाट प्राप्त मूल्याङ्कन प्रतिवेदन(सम्बन्धीत वर्षको मूल्याङ्कनको आधारमा), यस वर्षको अनुगमन प्रतिवेदन, सम्बन्धीत टोल विकास संस्था एवम् टोलहरु(पदाधिकारी बाहेक) को कार्य सम्पन्नताको स्वीकृती प्रतिवेदन, वडा कार्यालयको भुक्तानीका लागि सिफारिस र महाशाखाबाट समयमै भुक्तानी नहुनुको कारण सहित पेश भएको टिप्पणी अनुसार जम्मा रकम रु.१,१२,१०६।५० मध्येबाट कन्टेन्जेन्सी रु.३,१०६।५० रकम कट्टी गरी बाँकी रकम रु.१,०९,०००।(एक लाख नौ हजार) उक्त उपभोक्ता समिति घोराही १०लाई कन्टेन्जेन्सी शीर्षकबाट भुक्तानी दिन पूर्वाधार विकास महाशाखाबाट पेश हुन आएकोले उपभोक्ता समितिलाई उक्त  रकम भुक्तानी दिने।

**निर्णय नं. १६**

घोराही उपमहानगरपालिका क्षेत्रभित्र योजना निर्माणका लागि सम्झौता भई सञ्चालित योजना विविध कारणले समयमै सम्पन्न हुन नसकेका कारण योजनाको बोलपत्रदाताबाट म्याद थपका लागि निवेदन प्राप्त गरी व्यहोरा अध्ययन गरी पूर्वाधार विकास महाशाखाबाट पेश भएका ठेक्का यस घोराही उपमहानगरपालिकालाई आर्थिक व्ययभार नपर्ने गरी सार्वजनिक खरिद नियमावली २०६४ (बाह्रौ संशोधन २०७९) को नियम १२० क र मिति २०८०।०३।२१ मा प्रकाशित सार्वजनिक खरिद (बाह्रौं संशोधन) नियमावली २०७९को बाधा अड्काउ फुकाउने आदेश अनुसार तपसिल बमोजिमको योजनाको म्याद थप गर्ने ।

**तपसिलः**

| सि. नं. | ठेक्का नं. | योजनाको नाम | निर्माण व्यवसायीको नाम | सम्झौता मिति | सम्पन्न गर्नुपर्ने मिति | म्याद थप भएको मिति |
|---|---|---|---|---|---|---|
| १ | NCB/WORKS/GSMC/06/78/079 | खैरा कोठरी सडक पिच | रोयल विल्डर्स | २०७८।१०।०७ | २०७९।०३।३१ | २०८०।१२।३०<br>(पूर्व निर्धारित क्षतिपूर्ति असुलउपर गरी) |
| २ | NCB/WORKS/GSMC/07/78/079 | नारायणपुर स्वास्थ्य चौकी भवन निर्माण वडा नं. १० | रोयल विल्डर्स | २०७८।१०।०७ | २०७९।०३।३१ | २०८०।१२।३०<br>(पूर्व निर्धारित क्षतिपूर्ति असुलउपर गरी) |
| ३ | NCB/WORKS/GSMC/09/77/078 | नगर प्रशासनीक भवन | गौरी पार्वती/भुसाल/ बस्नेत जे.भी. | २०७८।०१।०६ | २०८०।०१।३१<br>पहिलो पटक म्याद थप भएको मिति २०८०।०३।३१ | दोस्रो पटक थपिएको म्याद २०८०।१२।२० |

**निर्णय नं. १७**

घोराही उपमहानगरपालिका र तिरुपाते निर्माण सेवा प्रा.लि. विच आ.व. २०७७/०७८ मा सम्झौता भएको ठेक्का नं. NCB/WORKS/GSMC/06/077/078 सडक विभागको उकालोदेखि धारापानी जाने सडक खण्डको भिङ्ग्रेली चोकदेखि पनौरा चोकसम्म स्तरउन्नती सहितको बाटोको निर्माण कार्य आ.व. ०७९/८० को मसान्त भित्र यस कार्यालयले दिएको लाइन लेवल अनुसार सम्पन्न गरी सकेता पनि केही पिचको क्वान्टिटी बाँकी रहेको हुँदा त्यस सेक्सनमा बाँकी रहेको पिचको क्वान्टीटीलाई घोराही उपमहानगरपालिकाको खाल्टाखुल्टी रहेको मर्मत गर्नुपर्ने अवस्थामा रहेको वडा नं. १५ स्थित प्रकृतिनगर टोल विकास संस्थाको सडक राप्ती कपास उद्योगदेखि युरो किड्स बोर्डिङ स्कुलहुँदै नारायण बस्नेतको घरसम्मको सडक मर्मतका लागि उक्त पिच क्वान्टीटी प्रयोग गरी सडक पिच गर्न उपर्युक्त छ भनि पूर्वाधार विकास महाशाखाबाट टिप्पणी पेश भए अनुसार उक्त सडक पिच गर्न पूर्वाधार विकास महाशाखालाई निर्देशन दिने।

**निर्णय नं. १८**

**१८.१** घोराही उपमहानगरपालिकाका विपन्न नागरिकलाई औषधीउपचारमा आर्थिक सहायता उपलब्ध गराउने सम्बन्धमा वडा कार्यालयले सिफारिस गर्दा कडारोगहरु जस्तैं मुटुरोग, मृगौला रोग, क्यान्सर, पार्किन्सन्स, अल्जाईमर्स, स्पाईनल ईन्जुरी, हेड ईन्जुरी र सिकलसेल एनिमिया रोग लागेका विरामीहरुलाई मात्र सिफारिस गर्ने र सिफारिस भई आएका विरामीहरुको विवरण घोराही उपमहानगरपालिकाको जनस्वास्थ्य प्रवर्द्धन शाखाबाट रुजु भई आएमा मात्र आर्थिक सहयोग उपलब्ध गराउने। साथै अन्य अवस्थामा आर्थिक सहयोग (किरिया खर्च समेत) माग गर्दा अनिवार्य रुपमा अति गरिब परिचयपत्र भएकाहरुलाई मात्र आर्थिक सहायता उपलब्ध गराउने।

**१८.२** घोराही उपमहानगरपालिकाबाट संघ संस्थाहरुलाई आर्थिक सहयोग उपलब्ध गराउदा अनिवार्य यस उपमहानगरपालिकाबाट अनिवार्य रुपमा पूर्व स्वीकृती लिने व्यवस्था लागू गर्ने। साथै घोराही उपमहानगरपालिकाको आर्थिक सहयोगमा हुने कार्यक्रम तथा प्रकाशनमा घोराही उपमहानगरपालिकाको लागत साझेदारी उल्लेख हुनेमा मात्र आर्थिक सहयोग उपलब्ध गराउने।

**निर्णय नं. १९**

**१९.१** घोराही उपमहानगरपालिका वडा नं. १३ बस्ने मदन बहादुर पुनको मिति २०८०।१०।०६ गते असामयिक निधन भएको, उहाँको परिवारको आर्थिक अवस्था कमजोर रहेको उहाँसँग अति गरिब परिचयपत्र समेत रहेकोले उहाँको परिवारलाई किरिया खर्च सहयोग स्वरुप रकम रु.१५,०००।— घोराही उपमहानगरपालिकाको अन्य संस्था सहायता शीर्षकबाट उपलब्ध गराउने।

**१९.२** घोराही उपमहानगरपालिका वडा नं. ११ बस्ने भिम बहादुर खत्रीले आफ्नो बुबा धन बहादुर खत्रीको टाउकोमा चोटलागि नेपालगञ्ज न्युरो अस्पतालमा आई.सि.यु.मा भर्ना अवस्थामा रहनुभएको आफ्नो आर्थिक अवस्था कमजोर रहेकोले औषधीउपचारका लागि आर्थिक सहयोग गरिदिनुहुन भनि ११ नं. वडा कार्यालयको च.नं. १५२४, मिति २०८०।१०।२२ गतेको पत्रबाट सिफारिस साथ अनुरोध भई आएकोले उहाँको औषधी उपचारका लागि सहयोग स्वरुप रकम रु.१०,०००।—(दस हजार) घोराही उपमहानगरपालिकाको अन्य संस्था सहायता शीर्षकबाट उपलब्ध गराउने।

**१९.३** खुम बहादुर खड्का स्मृति तेस्रो पुरुष भलिबल प्रतियोगिता २०८० संचालनका लागि खुम बहादुर खड्का समाज विकास समिति घोराही दाङलाई आर्थिक सहयोग स्वरुप खर्च भएको विल भर्पाइको आधारमा रकम रु.२०,०००।—(विस हजार) घोराही उपमहानगरपालिकाको अन्य संस्था सहायता शीर्षकबाट उपलब्ध गराउने।

**१९.४** घोराही उपमहानगरपालिका वडा नं. १० सिद्ध रत्ननाथ क्याम्पस नारायणपुरमा अध्ययनरत तपसिल बमोजिमका मुक्त कमलरी छात्राहरुलाई छात्रवृत्ति सहयोग स्वरुप रकम रु.१०,०००।— प्रति छात्रा घोराही उपमहानगरपालिकाको शैक्षिक संस्थाहरूलाई सहायता शीर्षकबाट खर्च हुने गरी सिद्ध रत्ननाथ क्याम्पस घोराही १० नारायणपुरलाई उपलब्ध गराउने।

**तपसिलः**

१. सिमा चौधरी, स्नातक चौथो वर्षमा अध्ययनरत

२. सिलु चौधरी, स्नातक चौथो वर्षमा अध्ययनरत

**१९.५** घोराही उपमहानगरपालिका वडा नं. ५ वस्ने थम्मन  वलीको छोरी सुनिता वलीको देब्रे खुट्टा सुकेर हिडडुल मै समस्या आएको, उहाँको क्रितिम खुट्टा राख्नका लागि घोराही उपमहानगरपालिकाको अन्य संस्था सहायता शीर्षकबाट खर्च हुने गरी उहाँलाई उपमहानगरपालिकाको तर्फबाट सहयोग स्वरुप रकम रु.२५,०००।— (पच्चीस हजार) व्यहोर्ने गरी सम्बन्धी निकायसँग साझेदारी गर्न जनस्वास्थ्य प्रवर्द्धन शाखालाई निर्देशन दिने।

**१९.६** निजि तथा आवासीय विद्यालय अर्गनाइजेसन नेपाल (प्याब्सन) घोराही नगर कमिटी दाङको आयोजनामा संचालन भएको दोस्रो प्याब्सन घोराही रनिङ सिल्ड २०८० का लागि प्याब्सन दाङबाट आर्थिक सहयोगको माग भई आएकोले उक्त रनिङ सिल्ड संचालनका लागि विल भर्पाइ अनुसार रकम रु.१,००,०००।—(एक लाख) घोराही उपमहानगरपालिकाको घोराही उपमहानगरपालिकाको शैक्षिक संस्थाहरूलाई सहायता शीर्षकबाट उपलब्ध गराउने।

**१९.७** सामाना फिल्मस् प्रा.लि.बाट निर्मित नेपाली चलचित्र **काँडेतार** प्राकृतिक विपत या अन्य कारणबाट पिडित भएका समूहको सहयोगार्थ चलचित्र प्रदर्शनको  प्रायोजक या सहयोगार्थ केही टिकट खरिद गरी सहयोग गरिदिनुहुन अनुरोध भई आएकोले उक्त चलचित्र प्रदर्शन लागि ५० हजार बराबरको टिकट बराबरको रकम घोराही उपमहानगरपालिकाको अन्य संस्था सहायता शीर्षकबाट सहयोग स्वरुप उपलब्ध गराउने।

**१९.८** प्रेस चौतारी नेपाल दाङ शाखालाई उक्त संगठनको २६औं स्थापना दिवसमा विस्तारित भेला रक्तदान कार्यक्रम र स्थापना दिवस तथा पुरस्कार वितरण समारोह रहेको हुँदा आर्थिक  सहयोगको माग भई आएकोले प्रेस चौतारी नेपाल दाङ शाखालाई कार्यक्रममा भएको खर्चको विल भर्पाई अनुसार २०,०००।—(विस हजार) घोराही उपमहानगरपालिकाको अन्य संस्था सहायता शीर्षकबाट उपलब्ध गराउने।

**१९.९** गन्धर्व साँस्कृतिक संरक्षण केन्द्र घोराही ११ दाङलाई गन्धर्व समुदायको सारङ्गी दिवस मनाउनका लागि घोराही उपहानगरपालिकाको पर्यटन तथा संस्कृति प्रवर्द्धन शाखा अन्तर्गत रहेको विश्व पर्यटन लगायत विभिन्न दिवसीय कार्यक्रम मनाउने शीर्षकबाट खर्च भएको विल भर्पाई अनुसार रकम रु.५०,०००।—(पचास हजार) उपलब्ध गराउने।

**१९.१०** नेपाल निजामती कर्मचारी संगठन जिल्ला कार्यसमिति दाङको आयोजनामा मिति २०८०।०९।१८ गते घोराही उपमहानगरपालिकाको सभाहलमा रक्तदान कार्यक्रम संचालन गरिएकोले उक्त कार्यक्रममा भएको खाजा नास्ता खर्च भुक्तानीका लागि जिल्ला कार्य समिति दाङबाट अनुरोध भई आएकोले उक्त कार्यक्रममा भएको खर्चको विल अनुसार सम्बन्धीत पार्टीलाई रकम रु.१५,०००।—(पन्ध्र हजार) घोराही उपमहानगरपालिकाको अन्य संस्था सहायता शीर्षकबाट खर्च हुने गरी भुक्तानी दिने।

**१९.११** प्रगतिशील लेखक संघ नेपाल दाङ शाखाले संस्थाको वार्षिक मुखपत्र **बहिङ्गा** प्रकाशनका लागि आर्थिक सहयोग माग भई आएकोले प्रगतिशील लेखक संघ नेपाल दाङ शाखालाई मुखपत्र बहिङ्गा प्रकाशनको विल भर्पाई अनुसार सहयोग स्वरुप रकम रु.५०,०००।—(पचास हजार) घोराही उपमहानगरपालिकाको अन्य संस्था सहायता शीर्षकबाट उपलब्ध गराउने।

**१९.१२** नेपाल मगर संघ  घोराही नगर समितिको आयोजनामा १४७औं क्याप्टेन लखन थापामगरको समृति दिवस कार्यक्रमका लागि आर्थिक सहयोग माग भई  आएकोले उक्त  कार्यक्रममा भएको खर्चको विल भर्पाई अनुसार रकम रु.१०,०००।- घोराही उपमहानगरपालिकाको अन्य संस्था सहायता शीर्षकबाट उपलब्ध गराउने।

**१९.१३** दाङ क्रिकेट लिग-२ राष्ट्रिय क्रिकेट प्रतियोगिता संचालनका लागि दाङ क्रिकेट संघको च.नं. ९४, मिति २०८०।१०।०७ गतेको पत्रबाट आर्थिक सहयोगको माग भई आएकोले प्रतियोगिता संचालनमा भएको खर्चको विल भर्पाई अनुसार रकम रु. २,००,०००।—(दुई लाख) घोराही उपमहानगरपालिकाको अन्य संस्था सहायता शीर्षकबाट उपलब्ध गराउने।

**१९.१४** दाङ जिल्ला उद्योग वाणिज्य संघको च.नं. २९६ मिति २०८०।१०।१९ गतेको पत्रबाट यही मिति २०८० फागुन २१ गते हुने बाह्रौं अन्तराष्ट्रिय लोक सांस्कृतिक महोत्सवका लागि आर्थिक सहयोग गरिदिनुहुन भनि अनुरोध भई आएकोले महोत्सवमा भएको खर्चको विल भर्पाई अनुसार रकम रु.१,००,०००।—(एक लाख) घोराही उपमहानगरपालिकाको धार्मिक तथा साँस्कृतिक संस्था सहायता शीर्षकबाट उपलब्ध गराउने।

**१९.१५** नेपाल स्वास्थ्यकर्मी संघ दाङको आठौं जिल्ला अधिवेशनका लागि जिल्ला कार्यसमिति दाङबाट मिति २०८०।०९।२३ गते आर्थिक सहयोगको माग भई आएकोले उक्त अधिवेशनमा भएको खर्चको विल भर्पाई अनुसार अधिकतम रकम रु. १५,०००।—घोराही उपमहानगरपालिकाको अन्य संस्था सहायता शीर्षकबाट भुक्तानी दिने।

**१९.१६** घोराही उपमहानगरपालिका वडा नं. १४ स्थित ढोडेनी टोल विकास संस्थामा भुयारथान भवन निर्माण गर्नका लागि आ.व. २०७९/८०मा विनियोजित बजेटको सम्झौता गरी लागत सहभागिता वापतको रकम(रसिद नं. ४६८१६, मिति २०७९।१२।०९ गते) जम्मा गरिसकेको अवस्थामा विविध कारणले उक्त योजना कार्यान्वयन हुन नसकेको कारण उपभोक्ता समितिबाट बुझाइएको लागत सहभागिता वापतको रकम रु.७,५००।(सात हजार पाँच सय) घोराही उपमहानगरपालिकाको अन्य फिर्ता शीर्षकबाट उक्त रकम फिर्ता दिने।

**१९.१७** घोराही उपमहानगरपालिका वडा नं. २ स्थित रामपुर निमुरिया सडक खण्डमा १ थान ११ के.भी. कम्पोजिट पोल स्थानान्तरणको लागि जम्मा स्टिमेट लागत अनुमान रकम रु.१,२३,१३९.५३ (एक लाख तेइस हजार एक सय उनन्चालिस रुपैया त्रिपन्न पैसा) आवश्यक पर्ने भनि नेपाल विद्युत प्राधिकरण घोराही वितरण केन्द्रको च.नं. ५१५ मिति २०८०।११।११ गतेको पत्रबाट प्राप्त भएको उक्त रकम नेपाल विद्युत प्राधिकरण, घोराही वितरण केन्द्रको नबिल बैंक लिमिटेड घोराहीमा रहेको धरौटी खाता नं. ००२०१०१७५०५५२० मा जम्मा गरे पश्चात उक्त पोल स्थानान्तर हुने कुरा अनुरोध भई आएकोले उक्त लागत अनुमान बमोजिमको रकम रु.१,२३,१३९।५३ घोराही उपमहानगरपालिकाको सार्वजनिक उपयोगिताको सेवा खर्च शीर्षकबाट नेपाल विद्युत प्राधिकरण घोराही वितरण केन्द्रको नबिल बैंक लिमिटेड घोराहीमा रहेको धरौटी खातामा जम्मा गर्न आर्थिक प्रशासन शाखालाई निर्देशन दिने।

**१९.१८** घोराही उपमहानगरपालिकामा आ.व. २०८१/०८२का लागि प्रदेश सरकारको विशेष अनुदान अन्तर्गत सञ्चालन गर्न तपसिल बमोजिम प्राथमिकताक्रम निर्धारण गरी प्रदेश विशेष अनुदान कार्यक्रम कार्यविधि २०७६ को अनुसुची १ बमोजिमको ढाँचामा प्रदेश सरकारमा आयोजना माग गर्ने।

**प्रदेश विशेष अनुदान अन्तर्गत सञ्चालन हुने आयोजनाहरु**

१. वडा नं. १६ तेरौटे खानेपानीको ओभरहेड ट्यांकी निर्माण तथा पाइपलाइन विस्तार -४ करोड

२. वडा नं. १४ पशु बधशालामा थप संरचना निर्माण — २ करोड

३. वडा नं. २ बलामपुरमा खानेपानी विस्तार — ४ करोड